**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**जनशक्ति व्यवस्थापन विभागको**

## अनलाईन (Online) दरखास्त फारम सम्बन्धी सूचना

(मिति : २०७८/१२/१०)

यस बैंकमा रिक्त रहेका देहायका पदहरुमा करारमार्फत् पूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकहरुवाट २०७८/१२/१० गते बिहीबारदेखि २०७८/१२/२४ गते बिहीबारका दिनभित्र अनलाइन दरखास्त फारम पेश गर्न आव्हान गरिएको छ । दरखास्त पेश गर्दा आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र, तोकिएको अनुभव खुल्ने प्रमाणपत्र तथा अन्य सम्पूर्ण प्रमाणपत्र स्क्यान गरी संलग्न गर्नुपर्नेछ । दरखास्त दस्तुर भुक्तानी नभएका वा रीत नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । झुट्टा विवरण पेश गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

**क) विज्ञापन नं १०६/२०७८**

**पद : अधिकृत (टाइपिष्ट, डिजाइनर तथा कम्पाइलर)** **माग पद संख्या: ५**

शैक्षिक योग्यता :- स्नातक तह उत्तीर्ण ।

आवश्यक अनुभव :- प्रेश वा प्रकाशनसँग सम्बन्धित संगठित संस्थामा कम्तिमा ५ वर्षको सम्बन्धित कामको अनुभव भएको ।

उम्मेदवारको उमेर :- दरखास्त दिने अन्तिम मितिमा ४५ बर्ष ननाघेको ।

उम्मेदवारको छनोट विधि :- लिखित, प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्तामार्फत् ।

(दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको संख्या १०० वा सोभन्दा कम भएमा प्रयोगात्मक र अन्तर्वार्तामात्र हुनेछ ।)

**ख) विज्ञापन नं १०७/२०७८**

**पद : अधिकृत (सिक्का मुद्रण/टकमरी)** **माग पद संख्या: १**

शैक्षिक योग्यता :- मेकानिकल इन्जिनियरिङ विषयमा डिप्लोमा उत्तीर्ण ।

आवश्यक अनुभव :- सिक्का मुद्रण/टकमरी सम्बन्धित संगठित संस्थामा कम्तिमा ५ वर्षको सम्बन्धित कामको अनुभव भएको ।

उम्मेदवारको उमेर :- दरखास्त दिने अन्तिम मितिमा ४५ बर्ष ननाघेको ।

(नेपाल राष्ट्र बैंक वा नेपाल सरकारका निकायमा सम्बन्धित कार्य गरी दक्षता हासिल गरेकाको हकमा उमेरको हद लाग्ने छैन ।)

उम्मेदवारको छनोट विधि :- लिखित परीक्षा तथा अन्तर्वार्तामार्फत् ।

(दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको संख्या १०० वा सोभन्दा कम भएमा अन्तर्वार्तामात्र हुनेछ ।)

**अन्य विवरण**

| | | |
|---|---|---|
| १. करार सेवा अवधि | :- | ६ महिना (कार्यसम्पादन सन्तोषजनक भएमा नवीकरण हुनसक्ने) । |
| २. स्वीकृत नामावली र परीक्षा कार्यक्रम प्रकाशन | :- | २०७९ साल बैशाख ४ गते बैंकको बेवसाइटमा प्रकाशन हुनेछ । |
| ३. पारिश्रमिक तथा अन्य सुविधा | :- | बैंकको नियमानुसार करारनामामा उल्लेख भए बमोजिम हुनेछ । |
| ४. काम गर्नुपर्ने कार्यालय | :- | बैंकको केन्द्रीय कार्यालय । |
| ५. सेवा सम्बन्धी शर्त | :- | दुवै पक्षबीच हुने करारनामामा उल्लिखित शर्तअनुसार हुनेछ । |
| ६. दरखास्त पेश गर्ने तरीका | :- | यस बैंकको website: www.nrb.org.np मा Career भित्र राखिएको Online Portal for Contract Application बाट भर्न सकिनेछ । |
| ७. परीक्षा दस्तुर | :- | रु. १०००।- (रीत नपुगेको कारणले अस्वीकृत हुने आवेदनहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन ।) |
| ८. परीक्षा दस्तुर बुझाउने प्रक्रिया | :- | अनलाईन दरखास्त फाराम Submit गरेपश्चात् पोर्टलमा रहेको Connect IPS, eSewa वा Khalti मार्फत् बुझाउन सकिनेछ । |

९. अनलाईन दरखास्त पेश गर्दा कुनै द्विविधा भएमा यस बैंकको जनशक्ति व्यवस्थापन विभाग वालुवाटार, फोन नं. ०१-४४१९८०४/०५/०६/०७ एक्स्टेनसन नं. १३८ वा ०१४४४१०३६ मा अथवा बैंकको ईमेल ठेगाना career@nrb.org.np मार्फत् सम्पर्क गर्न सकिनेछ ।

१०. यो सूचना तथा उपरोक्त पदको पाठ्यक्रम यस बैंकको website: www.nrb.org.np को Career अन्तर्गत Notices मा राखिएको छ ।

.............................

**(विज्ञान राज सुवेदी)**

**निर्देशक**